पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान
सेवा आयोग
Patan Academy of Health Sciences
Service Commission
लगनखेल-५, ललितपुर, नेपाल Lagankhel-5, Lalitpur, Nepal

## कार्यक्षमता मूल्याङ्कनको आधारमा हुने बढुवा सूचना नं. ६/२०७४-०७५

### प्राविधिक पदहरुको लागि

(प्रथम पटक प्रकाशित : मिति : २०७४/०८/०८)

पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान प्राविधिक सेवा अन्तर्गतका विभिन्न समूहहरुमा रिक्त निम्नलिखित पदहरुमा कार्यक्षमता मूल्याङ्कनको आधारमा बढुवा गरी स्थायी पदपूर्ति गर्नको लागि प्रतिष्ठानको सम्वन्धित सेवा, समुह र उप-समुहमा सहायक तहको हकमा न्यूनतम तीन (३) बर्ष र अधिकृत तहको हकमा न्यूनतम चार (४) बर्ष स्थायी सेवा अवधि पूरा गरी योग्यता पुगेका एक तह मुनिका उम्मेदवारहरुले मिति २०७४/०८/२८ गतेसम्म र नियमानुसार २०७४/०९/०५ गतेसम्म दोब्बर दस्तुर तिरी कार्यालय समयभित्र पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान सेवा आयेगको कार्यालय लगनखेल, ललितपुमा आईपुग्ने गरी दरखास्त आह्वान गरिन्छ । आवेदन फारम प्रतिष्ठानको वेवसाइट www.pahs.edu.np/service commission बाट डाउनलोड गरि सेवा आयोगमा बुझाउन सकिनेछ । दरखास्त दस्तुर वापतको रकम लक्ष्मी बैङ्क लि. लगनखेल शाखामा रहेको पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानको खाता नं. ००१८१०४००००४५५ मा बुझाई सो को सक्कल भौचर र निम्नलिखित कागजातहरुको १/१ प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ । म्याद नाघी प्राप्त हुन आएका र रीत नपुगेका दरखास्त उपर कुनै कारवाही हुने छैन ।

१. विज्ञापित पद/तहसंग सम्बन्धित प्रवेशिकादेखि माथिका शैक्षिक योग्यता लब्धाङ्क-पत्र र प्रमाण-पत्रको प्रमाणित प्रतिलिपिहरु ।
२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।
३. अनुभव/तालिमको प्रमाण-पत्र ।
४. हालसालै खिचिएको पासपोर्ट साईजको फोटो एक (१) प्रति ।
५. प्रतिष्ठानको नियमानुसार अधिकृत तहको हकमा चार (४) बर्ष र सहायक तहको हकमा तीन (३) बर्ष स्थायी सेवा अवधि पुगेको भनी सम्बन्धित प्रमुखले गरेको सिफारिस-पत्र ।
६. प्रतिष्ठान अन्तर्गत निकायमा स्थायी नियुक्ति पाएको नियुक्ति-पत्रको प्रमाणित प्रतिलिपि ।
७. बिदेशी लब्धाङ्क-पत्रको सम्बन्धमा प्रमाणीकरण गरेको प्रमाणित प्रतिलिपि ।
८. दरखास्त बुझाउने समय बुधबार र शनिबार बाहेक विहान १०:०० बजेदेखि अपराह्न ३:०० बजेसम्म ।

| क्र.सं. | वि.नं. | पद | सेवा | समूह | किसिम | तह | माग संख्या | परीक्षा दस्तुर | आवश्यक न्यूनतम योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ४३/०७४-७५ | सूचना सहायक | प्राविधिक | सूचना प्रविधि | का.क्ष.मू. | ४ | १ | ८००/- | मान्यताप्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सूचना प्रविधिमा तालिम प्राप्त गरेको हुनुपर्नेछ । |
| २ | ४४/०७४-७५ | सहायक फिजियोथेरापिष्ट | प्राविधिक | फिजियोथेरापी | का.क्ष.मू. | ४ | १ | ८००/- | मान्यताप्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण फिजियोथेरापी सम्वन्धी विषयमा अनुभव तथा तालिम प्राप्त गरेको हुनुपर्नेछ । |
| ३ | ४५/०७४-७५ | वार्ड इन्चार्ज | प्राविधिक | नर्सिङ्ग | का.क्ष.मू. | ८(क) | ६ | १,४००/- | मान्यताप्राप्त शिक्षण संस्थाबाट नर्सिङ्ग विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको हुनु पर्नेछ । |
| ४ | ४६/०७४-७५ | जु. सुपरभाईजर | प्राविधिक | नर्सिङ्ग | का.क्ष.मू. | ८(ख) | २ | १,४००/- | मान्यताप्राप्त शिक्षण संस्थाबाट नर्सिङ्ग विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको हुनु पर्नेछ । |
| ५ | ४७/०७४-७५ | बरिष्ठ ल्याव अधिकृत | प्राविधिक | ल्याव | का.क्ष.मू. | ८(ख) | २ | १,४००/- | मान्यताप्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको हुनु पर्नेछ । |
| ६ | ४८/०७४-७५ | प्रमुख पुस्तकालय अधिकृत | प्राविधिक | पुस्तकालय | का.क्ष.मू. | ९(ख) | १ | १,६००/- | मान्यताप्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातकोतर तह वा सो सरह उत्तीर्ण गरेको हुनु पर्नेछ । |

सचिव,
सेवा आयोग

Email: pahs@pahs.edu.np Tel: +977-1-5545112 Fax: +977-1-5545114 P.O. Box: 26500
Website: www.pahs.edu.np/about/service-commission